लुङग्री गाँउपालिका रोल्पाको

आ. व. २०७७//७८ को बजेट बक्तव्य

सभाध्यक्ष, अध्यक्ष एवं सदस्य महानुभावहरु,

१ नेपालको संविधानले संस्थागत गरेको संघीय प्रणाली अन्तर्गत स्थानीय सरकारको रुपमा लुङग्री गाँउपालिकाको आ. व. २०७७//७८ को लागी आय व्यय विवरण सहितको बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२ स्थानीय तहसम्म अधिकार पुर्याउने गरी विभिन्न समयमा संघर्ष गर्दै लोकतान्त्रिक गणतन्त्र एवं स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

३ विश्वव्यापी महामारी कोभिड १९ बाट देश भित्र र विदेशमा ज्यान गुमाउने नेपालीहरु प्रति र विश्वभरका मृतक प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

४ कोरोनाको प्रभावबाट सवै क्षेत्रहरु प्रभावित भएका छन ।अवको हाम्रो शत्रु भनेको भोक, रोग, गरीवी, पछौटेपन, अशिक्षा र अन्धविश्वास नै हुन ।यी समस्याहरुसंग सरकारी, गैरसरकारी, निजि क्षेत्र र आम जनसहभागीताबाट मात्र संम्भव छ, अतः एकताका साथ अगाडी बढ्दै खुशी र सुखी पालिका निर्माणमा जुट्नु आजको आवश्यकता हो ।मानव विकास र भौतिक पुर्वाधार विकासलई संगसंगै तादाम्य मिलाएर लगेमा मात्र दिगो विकास संम्भव छ ।

५ जनचाहना छिटो र एकैपटक धेरै विकास भैदिओस् भन्ने मनोभाव स्वभाविक हुन्छ । तर साधन, स्रोतको सिमितताले असिमित आवश्यकता एकैपटक पुरा गर्न संम्भव हुदैन तसर्थ योजनाहरुको प्राथमिकिकरण गर्दै एकिकृत योजना अनुशरण गरी सवै वर्ग, क्षेत्र समेट्ने गरी सन्तुलित विकास गर्दै जाने गरी बजेट तर्जमा प्रयास गरीएको छ ।

६ कोभिड १९ का कारण भएको बन्दाबन्दीमा बजेट तर्जुमाका सवै चरणहरु पुर्ण रुपमा अनुशरण गर्न नसके पनि संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका परीलक्ष्य लगायतका आधारमा बजेट तर्जमा गरीएको छ ।कोभिड लक्षित बजेट तर्जुमा गरीएको छ ।

७ विकासका लागी प्रचुर संम्भावना भएको यस लुङग्री गाँउपालिकामा अवसर र चुनौतीहरु दुवै छन ।चुनौतीहरुलाई अवसरमा बदल्दै अगाडी बढेर मात्र लक्ष्यमा पुग्न सकिने हुदाँ चुनैतीहरुको सामना गर्नु नै हामी सवै जनप्रतिनिधिहरुको कर्तव्य हो । यस पालिकाका मुख्य चुनौती र समस्याहरु यस प्रकार छन ।

- शिक्षा, स्वास्थ्य, पेशा व्यवसाय तथा व्यरोजगारीको समस्या ।

- गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या ।
- सिमित साधन स्रोतबाट जनताका अपेक्षा पुरा गर्न ।
- सर्वाङ्गिण विकास गर्न ।
- सार्वजनिक सम्पत्ति संरक्षण गर्ने समस्या ।

८ संम्भावना र अवसरहरु प्रयाप्त रहेका छनः

- लुङग्री नदीलाई बहुउपयोगी कोरीडोरको रुपमा विकास गरी बहुलाभ लिन सकिने ।
- प्रोत्साहित कर्मचारीको क्षमतालाई महत्तम उपयोग गर्न सकिने ।
- मानव विकासमा  जोड दिई स्वरोजगारीका अवसर बढाउन सकिने ।
- कृषि क्षेत्रको पकेट क्षेत्र उपक्षेत्र बनाई उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न सकिने ।
- स्थानीय साधन स्रोतको आधार परीचालन गरि योजनाबद्ध विकासबाट दिगो विकास गर्न सकिने ।
- प्राकृतिक स्रोतको महत्तम उपयोग लिन सकिने । दिगो स्रोत बढाउन सकिने ।
- सरकारी, गैरसरकारी र निजि क्षेत्रको साझेदारीमा विकासका क्षेत्र बढाउन सकिने ।
- संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा थप आवश्यकताहरु पुरा गर्न सकिने ।

९ लुङग्री गाँउपालिकाको दीर्घकालिन सोच सहित बजेटका निम्न उद्धेश्यहरु रहेका छन ।

- दीर्घकालिन सोचः कृषि क्षेत्र र यसमा आधारीत उद्योग व्यवसायबाट आर्थिक वृद्धि गर्दै पुर्वाधार निर्माण गरी समृद्ध र सुखी गाँउपालिका तर्फ अग्रसर हुने ।
- उद्धेश्यहरुः
    - व्यवसायिक कृषि र पशु पालन पेशा अवलम्बन गर्दै आत्म निर्भरता उन्मुख बनाउने ।
    - व्यवसायीक तरकारी र नगदे बालिमा जोड दिई आयआर्जन बढाई स्वरोजगारी बढाउने ।
    - विपद व्यवस्थापनको रोकथाम र नियन्त्रण गर्ने ।
    - शिक्षा र स्वास्थ्य विकासमा जोड दिने ।
    - पुर्वाधार विकास गर्ने ।
    - संस्थागत सुशासन प्रवर्द्धन र क्रमबद्ध विकास गर्ने ।
    - समावेशी र सन्तुलित विकासमा जोड दिने ।
    - उत्साही र प्रोत्साही कर्मचारी बनाई क्षमताको महत्तम उपयोग गर्ने ।

सभा अध्यक्ष एवं सभा सदस्य महोदयः

१० विषयगत कार्यालयहरु तर्फ कुल रकम रु.एक करोड असि लाख छुट्टाईएको छ ।जसमा शिक्षा तर्फ ७० लाख ,स्वास्थ्य तर्फ रु.३८ लाख कृषी २६ लाख भेटनरी २६ लाख र महीला विकास तर्फ २० लाख छ ।

११ कोभिड १९ को रोकथाम र नियन्त्रण एवं स्वास्थ्य जोखिम प्रोत्सान भत्ता समेतको व्यवस्था गरीएको छ । अन्य विपद व्यवस्थापनका लागी कोषको व्यवस्था गरीएको छ ।

१२ सुशासन तथा संस्थागत विकास गर्दै प्रदेश सरकारले तोके बमोजिमको जनप्रतिनिधि पदाधिकारी सुविधा बजेटको व्यवस्था गरिएको छ ।स्थायी र करार कर्मचारीहरुलाई उच्च मनोवलका साथ उत्साही र उत्प्रेरीत गराई क्षमताको महत्तम उपयोग गर्न शुरु तलबको २० प्रतिशत सम्म कार्यसम्पादनमा आधारीत प्रोत्सान भत्ता व्यवस्था गरीएको छ ।कोरोना भाईरस उच्च जोखिम प्रोत्सान भत्तालाई निरन्तरता दिने र दोहोरो नपर्ने गरी खटीएको क्षेत्र र कार्यप्रकृति अनुसारको प्रोत्सान भत्ता उपलब्ध गराईने छ ।पदाधिकारी र कर्मचारीहरुलाई कोरोना जोखिम विमा र कार्य जोखिम विमा गरी प्रोत्साहित गराईने छ ।कार्य सम्पादन र अनुशासनको मुल्यांकन गरी कर्मचारी पुरस्कृतको थालनी गरीने छ ।

१३ गाँउपालिका र वडा प्रशासनिक भवन निर्माणको लागी संघीय सरकारसंग समन्वय गरीने छ ।

१४ सार्वजनिक जग्गा संरक्षणलाई उच्च प्राथमिकता दिईने छ ।

१५ स्वास्थ्य तर्फका कर्मचारीहरुको चालु आ.व. मा करारका लागी विज्ञापन गरीएकोमा कोरोनाका कारण सृजित बन्दाबन्दिले अन्तरवार्ता स्थगित गरीएकोमा लोक सेवा आयोग वा अन्य कारणबाट रिक्त रहे सम्मका लागी आगामी आ.व. मा अन्तरवार्ता लिई करार सेवामा राखिने छ ।कृषि र पशु सेवा लगायतका प्राविधिक कर्मचारी करारमा राखिने छ ।

१६ संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र गैर सरकारी संस्थाबाट प्राप्त हुने समपुरक र पुरक अनुदानमा साझेदारी गर्न बजेट व्ववस्थापन गरीएको छ ।

१७ यस गाँउपालिकाको चालु आ.व. मा पुँजिगत खर्च ४३ प्रतिशत र चालु खर्च ७२ प्रतिशत खर्च भएको छ । कतिपय योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका छन ।

१८ यस सम्मानित सभामा पेश भई सभाले पारीत गरेको आगामी आ.व.को नीति तथा कार्क्रम कार्यान्वयन गर्न सहयोग पुग्ने गरी बजेट व्यवस्थापन गरीएको छ ।

१९ गाँउपालिकाको आगामी आ.व. २०७७/७८ को अनुमानित आय व्यय रु४४ करोड ११ लाख ७० हजार ३ सय रहेको छ ।

२० गाँउपालिकाको आगामी आ.व. २०७७/७८ को अनुमानित बजेटको स्रोत देहाय बमोजिम रहेको छ ।

क. संघीय सरकारबाट प्राप्त रु. ३९३५८०३००।००
ख. प्रदेश सरकारबाट प्राप्त रु. २९२९००००।००
ग. बैंक मौज्दात रु. १२५०००००।००
घ. आन्तरीक आय रु. ३५०००००।००
ङ. जिल्ला समन्मय समिति अनुदान रु २३०००००।००
गरी जम्मा रु४४११७०३००।०० अनुमान गरीएको छ ।

२१ आन्तरिक राजश्वको कर आधार वृद्धि गर्दै आन्तरीक आम्दानी बढाउदै लैजान राजश्व परीचालन कार्यक्रम गरीने छ ।

२२ आगामो आ. व. का लागी राजश्व तथा करका दरहरुको विस्तृत विवरण आर्थिक ऐन २०७७ मा समावेश गरीएको छ ।

२३ योजना र कार्यक्रम तथा आय व्ययको विस्तृत विवरण विनियोजन ऐन २०७७ मा समावेश गरीएको छ ।

२४ बजेटमा व्यवस्था गरीएका योजना तथा कार्यक्रमहरु उद्धेश्व अनुरुप कार्यान्वयन गरि खुशि र सुखी गाँउपालिका बनाउन सम्पुर्ण सभाका सदश्यहरु अहोरात्र लाग्नु हुने छ ।यसको कार्यान्वयनमा राष्ट् सेवक कर्मचारीहरु सदा झै खटिनु हुने अपेक्षा सहित लुङग्री गाँउपालिका निवासी नागरीकहरु, राजनितिक दलहरु, बुद्धिजिवि र समाजसेवीहरुबाट सहयोगको अपेक्षा राख्दछु ।

२५ अन्त्यमा, यस गाँउपालिकाले तय गरेका दिर्घकालिन सोच, उदेश्य र नीति कार्यक्रमहरु प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाँउपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग गर्ने सम्पुर्ण सभा सदश्यज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका

पदाधिकारीहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिक  पदाधिकारीहरु, स्थानिय बुद्धिजिविहरु, समाजसेवी, शिक्षकहरु, आम नागरीक र राष्टसेवक कर्मचारीहरु लगायत सवैमा हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाँउपालिकालाई सुखी, सभ्य र समृद्धको श्रृंखलाको प्रथम सिढीको  रुपमा सार्थक तुल्याउन सवैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा माग्दछु ।

धन्यवाद ।

२०७७/०३/२७